# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०७७।०७८
चलानी नं :

मिति : २०७७।०८।०५

## सूचना

बिषय : सुरक्षित नागरिक आवास कार्यक्रमको लागि लाभग्राहीको निवेदन आव्हान गरिएको ।

प्रस्तुत बिषयमा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन (पहिलो शंशोधन) कार्यविधि, २०७७ को दफा ११ (ख) वमोजिम सुरक्षित नागरिक आवास समन्वय समिति, प्यूठानको वैठकको निर्णयानुसार सुरक्षित नागरिक आवास कार्यक्रमका लागि स्थानीय तहहरुवाट लाभग्राहीहरुको निवेदन संकलन गर्ने निर्णय भए बमोजिम यस सरुमारानी गाउँपालिका स्थायी वसोवास गर्ने, गरिवको रेखामुनी रहेका, खरको छानो भएका, आफैले सुरक्षित आवास निरर्माण गर्न चाहेको वा निर्माण गरिरहेको वा प्रकोपका कारण घरवार विहिन भएका सम्पूर्ण सरुमारानी बासीहरुलाई जस्तापाता, काठ लगायतका निर्माण सामाग्रीहरु खरिद गर्न अनुदान उपलब्ध गराईने भएकाले तपशिल बमोजिमका कागजातहरु संलग्न राखी सूचना प्रकाशित भएको मितिले दश (१०) दिन भित्र सम्वन्धित वडा कार्यालयहरुमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

ओमु गिरी
नि. प्रमुख प्रशासकीय अधिकृत

तपशिल

- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि तिरो तिरेको रसिदको प्रतिलिपि वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण प्रतिलिपि
- बिगतदेखि नै स्थायी वसोवास गर्दै आएको प्रमाण
- प्रकोपका कारण घरवार विहिन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित जिल्ला प्रशसन कार्यालयको सिफारिस
- स्थानीय तहले गरिव परिचय पत्र वितरण गरेको भए सो को प्रतिलिपि
- लाभग्राही बस्दै आएको घर अनिवार्यरुपमा खर, पराल वा स्याउलाबाट छाएकाले मात्र निवेदन दिन सक्ने तथा सगोलमा रहेका परिवारले एउटा आवासको लागि मात्र निवेदन दिन सक्ने ।

पुनश्च : थप जानकारीका लागि कार्यालय समयभित्र यस सरुमारानी गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन ।
सम्पर्क नं : ९८४७९६१३५९, ९८५७८३६०२२